# शिखर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तल्कोट,डोटी

प.स. ०७९।०८०
च.नं.

विषय : नदि जन्य प्रदार्थको बिक्रि शुल्क संकलनका लागी बोलपत्र आव्हान सम्वन्धी सुचना ।
दोस्रो पटक प्रकाशित मिति २०७९।०७।०३

स्थानिय सरकार संचालन ऐन २०७४ को प्रतिच्छेद ९ को दफा ६२ (क)अनुसार यस शिखर न.पा.ले आफ्नो क्षेत्र भित्र भएर वग्ने नदिको (IEE) गरेको र घाटगद्दी तोकिएका नदि खोलाहरुबाट गिट्टी ,बालुवा,भरान,ग्राभिल आदिको कुल संकलन घन मि.६१,०१२.९० मात्र (बिक्री प्रति घन मि.रु ९० भ्याट बाहेक) नदि जन्य प्रदार्थको (स्थानिय निर्माण सामग्री) बिक्री गर्न सक्ने प्राबधान बमोजिम आ.व.०७९।०८० का लागी नगर सभा बाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने इजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीका लागी तपशिल बमोजिमको शर्त अधिनमा रही १५ दिने सिलवन्दी बोलपत्र आव्हानको सावजनिक सुचना प्रकाशित गरिएको छ ।

तपशिल शर्तहरु

१.न्यूनतम ठेक अंक रु. ५४९११६१। (भ्याट वाहेक ) कायम गरिएको छ ।

२.ठेक्काको अवधी ठेक्का स्वीकृत भई सम्झौता गरेको मितिले २०८० जेष्ठ मसान्त सम्म मात्र कायम गरिनेछ ।

३.तोकिएको घाटगद्दी स्थानको सिमा रेखा भन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन,तोकिएको सिमा भन्दा वाहिर गई रोयल्टी अशुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४. बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम एभरेष्ट बैक लि.गोपघाट शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता ०६६००१०६२००००१ मा नगद रु ३०००। (पछि फिर्ता नहुने गरि ) जम्मा गरको भौचर समेत संलग्न गरी पेश गर्नू पर्नेछ ।

५.बोलपत्र १६ औं दिनको १२ बजे भित्र पेश गरि सक्नु पर्नेछ र सोही दिनको २:०० बजे कार्यालय मै खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्तिथ हुनु पर्नेछ ,उपस्तिथ नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६.बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्वन्धी काम गरिनेछ ।

७.बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको एभरेष्ट बैक लि.गोपघाट स्थित धरौटी खाता (हि.नं.०६६००१०६२००००२) मा जम्मा गरेको भौचर पेश गर्नू पर्नेछ । भौचर वा सो रकम वरावरको १२० म्याद भएको बैक जमानत पत्र पेश गर्नू पर्नेछ ।

८.यस सर्तमा लेखेको कुराहरु यसै बमोजिम र छुटेका कुराहरु बोलपत्र फाराममा उल्लेखित शर्तहरु,यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७,ढुंगा ,वालुवा,उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७,स्थानिय सरकार संचालन ऐन २०७४,नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०७७ र प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका बुधाहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

९.यस कार्यालयको महालेखा परिक्षणको प्रतिवेदनमा बेरुजु उललेख भएका फर्म वा कम्पनीहरुले यस सुचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागी भ्याट समायोजन गरेको सम्वन्धीत आन्तरिक राजश्व कार्यालयको पत्र पेश गरे पछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्वन्धित फर्म वा कम्पनीवाट आफुनो बेरुजु विवरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षणको प्रतिवेदनवाट हेर्न समेत सुचित गरिन्छ ।

१०.यो सुचना शिखर न.पा.को वेभसाईट www.shikharmum.gov.np बाट समेत हेर्न सकिनेछ । यस सम्वन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

परमानन्द शर्मा
नि.प्रमुख प्रशासकिय अधिकृत

CamScanner